# जिल्ला प्रशासन कार्यालय दाङको अर्धवार्षिक बुलेटिन

## २०७६ पौष मसान्तसम्म




**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय दाङ**

**नेपाल सरकार**

**गृह मन्त्रालय**

# जिल्ला प्रशासन कार्यालय

**दाङ**

## प्रमुख जिल्ला अधिकारीज्यूको मन्तव्य



नेपालको संविधान, २०७२ ले ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहको व्यवस्था गरी नेपाललाई संघीय राष्ट्रको रुपमा मान्यता दिएको छ। प्रदेश र स्थानीय तह बीचमा समन्वयको जिम्मेवारी सहित जिल्लामा शान्ति सुव्यवस्था कायम गर्ने, सार्वजनिक सेवा प्रवाहलाई सहजता, स्वच्छता, पारदर्शिता, जनमुखी, नागरिक मैत्री, गुणस्तरीय र सुशासनयुक्त बनाउने, विपद जोखिम न्यूनिकरण प्रतिकार्य तथा पुर्नलाभका कार्यलाई प्रभावकारी बनाउने, विकास निर्माणमा गुणस्तरीयता र आर्थिक अनुशासन कायम गर्ने, समन्वयात्मक तथा सहजकर्ताको भूमिका प्रभावकारी बनाउने, निजी क्षेत्रको विकासमा सहयोगी भूमिका निर्वाह गरी बजारलाई अनुशासित बनाई उपभोक्ताहित संरक्षण गर्ने, समाजका असहाय, जेष्ठ नागरिक, बालबालिका एवं पछाडि परेका समुदायको हित संरक्षण गर्न तथा समाजमा अपराध नियन्त्रण गरी दण्डहिनताको अन्त्य गर्ने जस्ता नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषयको जिम्मेवारी बहन गर्ने जिल्ला प्रशासन कार्यालय सरकारको प्रतिनिधि निकायको रुपमा स्थापित भएको छ। यस कार्यालयबाट सम्पादन भएका कार्यहरुलाई सर्वसाधारण नागरिक र सरोकारवाला निकायहरुलाई जानकारी गराउने हेतुले यस कार्यालयबाट चालु आ.व. २०७६।०७७ को पहिलो ६ महिनामा गरिएका महत्वपूर्ण कार्य एवं गतिविधिहरुलाई समेटेर यो अर्धवार्षिक E-बुलेटिन, २०७६ प्रकाशन गरिएको छ। सूचनाको हक सम्बन्धी ऐन तथा नियमले प्रत्याभुति गरेका नागरिकको सूचना माग्ने र पाउने हकको सम्मान हुने र सम्बन्धित सरोकारवाला महानुभावहरु यसबाट लाभान्वित हुने अपेक्षा गरिएको छ। यस बुलेटिनको अध्ययन गरी महत्वपूर्ण सुझाव दिनुहुने अपेक्षा सहित आगामी दिनमा समेत यस कार्यले निरन्तरता पाउने कुरामा म विश्वस्त रहेको छु।

अन्त्यमा यो बुलेटिन तयार गर्ने कार्यको महत्वपूर्ण भूमिकाको निर्वाह गर्नुहुने सहायक प्रमुख जिल्ला अधिकारी लगायत यस कार्यमा निरन्तर खटिनुहुने कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

गोविन्द प्रसाद रिजाल<br>
प्रमुख जिल्ला अधिकारी

**मितिः २०७६ माघ १ गते**

# विषय सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमी | |
| २. | जिल्लाको संक्षिप्त परिचय | |
| ३. | संगठनात्मक दरबन्दी एवं संरचना | |
| | ३.१ जिल्ला प्रशासन कार्यालयको दरबन्दी | |
| | ३.२ जिल्ला प्रशासन कार्यालयको संचरना | |
| | ३.३ इलाका प्रशासन कार्यालय तुलसीपुरको दरबन्दी | |
| | ३.४ इलाका प्रशासन कार्यालय तुलसीपुरको संरचना | |
| | ३.५ इलाका प्रशासन कार्यालय लमहीको दरबन्दी | |
| | ३.६ इलाका प्रशासन कार्यालय लमहीको संरचना | |
| ४. | जिल्ला सुरक्षा समिति दाङको पदाधिकारी | |
| ५. | जिल्ला प्रशासन कार्यालय दाङको उद्देश्य | |
| ६. | जिल्ला प्रशासन कार्यालय दाङले गर्ने मुख्य कार्यहरु | |
| | ६.१ शान्ति सुरक्षाको व्यवस्थापन | |
| | ६.२ नागरिकता तथा राहदानी सम्बन्धी कार्य | |
| | ६.३ स्थानीय प्रशासन सम्बन्धी कार्य | |
| | ६.४ न्याय निरुपण/न्यायिक कार्य | |
| | ६.५ विपद व्यवस्थापन | |
| | ६.६ लागु औषध तथा मदिरा नियन्त्रण | |
| | ६.७ कारागार प्रशासन | |
| | ६.८ सीमा प्रशासन | |
| | ६.९ अन्य कार्यहरु | |
| ७. | जिल्ला प्रशासन कार्यालयबाट आ.व. २०७६।०७७ (२०७६ श्रावण १ देखि २०७६ पौष मसान्तसम्मको) सम्पादन गरेको कामको शाखागत प्रगति विवरण | |
| | ७.१ स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | |
| | ७.२ राहदानी तथा जिन्सी शाखा | |
| | ७.३ नागरिकता तथा प्रतिलिपि शाखा | |
| | ७.४ मुद्दा तथा हातहतियार शाखा | |
| | ७.५ आर्थिक प्रशासन शाखा | |
| | ७.६ बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य | |
| | ७.७ विभिन्न बैठकहरु | |
| | ७.८ पुराना नागरिकताहरुको डाटा इन्ट्री सम्पन्न | |

८.	जिल्ला प्रशासन कार्यालयबाट सुशासन र सेवा प्रवाहमा थप प्रभावकारिताका लागि गरिएका प्रयासहरु

९.	सम्पादित क्रियाकलापहरु

९.१	अन्तर जिल्ला समन्वय समितिको बैठक

९.२	विपद व्यवस्थापन

९.३	सुरक्षा निकाय तथा मातहत ईकाइहरुको अनुगमन तथा निरीक्षण

९.४	सीमा अनुगमन तथा निरीक्षण

९.५	लागू औषध तथा मदिरा नियन्त्रण

९.६	राष्ट्रिय परिचय-पत्र विवरण संकलन एवं परिचय पत्र वितरणमा सहयोग

९.७	विद्युतीय नागरिक वडापत्र

९.८	कार्यालय परिसरमा बगैचा निर्माण

९.९	नागरिक सहायता कक्ष (Help Desk) स्थापना

९.१०	विपद अभ्यास कार्यक्रम

९.११	कारागार सुधारमा सहयोग तथा समन्वय

१०.	जिल्ला प्रशासन कार्यालयमा पेश गरिने विभिन्न निवेदनको नमूना/ढाँचा

## १. पृष्ठभूमी

नेपालको संविधान २०७२ ले नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय राज्य रहने व्यवस्था गरेको छ । संघमा संघीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार रहने व्यवस्था छ। संघीय सरकारको मातहतमा रहने गरी प्रत्येक जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन २०२८ मा व्यवस्था भए बमोजिम प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गरेको हुन्छ । प्रमुख जिल्ला अधिकारीले गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधि रुपमा जिल्ला काम गर्दछ। साथै प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय र सहयोगमा कार्य सम्पादन गर्दछ।

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। यस कार्यालयले जिल्ला भित्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउने, सम्पादित कामकारवाहीको रेखदेख, नियन्त्रण र अनुगमन गर्ने जस्ता कार्यहरु समेत गर्दछ।


यसै पृष्थभूमिमा जिल्ला प्रशासन कार्यालय, दाङले जिल्लामा शान्ति सुव्यवस्था कायम गरी सर्वसाधारण जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्न तथा सामाजिक, आर्थिक क्षेत्रमा न्यायपूर्ण समाजको निर्माण गर्न प्रशासनिक एंव अर्धन्यायिक निर्णय मार्फत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

## २. जिल्लाको संक्षिप्त परिचय

दाङ जिल्ला नेपालको राजधानी काठमाडौँ देखि सडकमार्गबाट करिव ४२५ कि.मि. पश्चिम दक्षिणमा अवस्थित छ। तथापी दाङ र काठमाडौँको हवाई दुरी भने करिव २८० कि.मि. पश्चिम दक्षिण मात्र रहेको छ। प्रदेश नं. ५ मा पर्ने यो जिल्लाका केही स्थानलाई छोडी अधिकतम भू-भाग उर्वर भएकोले यसले पर्याप्त आर्थिक सम्भावना बोकेको छ भने ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले पनि यस जिल्लाले छुट्टै पहिचान र महत्व बोकेको छ।

नेपाल मानचित्रमा ८२° २' देखि ८५° ५४' सम्म पूर्वी देशान्तर र २७° ३६ देखि २८° २९ सम्म उत्तरी अक्षांशबीच फैलिएर रहेको यस जिल्लाको क्षेत्रफल २९५५ वर्ग कि.मि. छ। यस जिल्लाको दक्षिणी सीमानामा भारतको उत्तर प्रदेशको बलारामपुर र श्रावस्ती गरी दुई वटा जिल्ला पर्दछ भने पश्चिममा सल्यान र बाँके जिल्ला पर्दछ। त्यसैगरी उत्तरमा सल्यान, प्यूठान र रोल्पा जिल्ला पर्दछन्। त्यस्तै पूर्वी सीमानामा प्यूठान र अर्घाखाँची तथा कपिलवस्तु जिल्ला पर्दछन् । भौगोलिक रुपमा यस जिल्लामा भित्री मधेशका समथर फाँटहरु, यी फाँटहरुलाई चारैतिर बाट घेर्ने साना तथा मध्यम पहाडहरु समेतबाट निर्मित दुई उपत्यका रहेका छन्। माथिल्लो उपत्यका दाङ र तल्लो उपत्यका देउखुरीको नामबाट परिचित छन्। दाङ उपत्यका नेपालकै ठूलो उपत्यकाकै रुपमा मात्र परिचित नभई एसियाकै ठूला उपत्यकाहरु मध्ये एक मानिन्छ । राज्य पनु:संरचना अनुसार यस जिल्लामा १० सथानीय तह निर्माण गरिएको छ जसमा २ उपमहानगरपालिका, १ नगरपालिका र ७ गाँउपालिका रहेका छन् । जिल्लाको घोराही उप-महानगरपालिकाको सैघा र बंगलाचुली गाउँपालिकाको

स्यूजा, काभ्रे, लोहारपानी, हाँसीपुर स्थानहरु पहाडी क्षेत्रमा पर्ने र विकट मानिन्छन् । पहाडी धरातल (महाभारत तथा चुरे) समेत रहेका छन् । दाङ उपत्यका महाभारत र चुरे पहाडको बीचमा अवस्थित छ भने देउखुरी उपत्यका चुरे पहाड र डडुवा डाँडाका श्रृंखला बीचमा रेहेको छ ।




यस जिल्लाको दक्षिण/पूर्वी भेकमा पर्ने राप्ती गाउँपालिकाको सिसहनीया भानपुर जिल्लाकै सबैभन्दा न्यूनतम उचाई विन्दु (समुन्द्र सतहबाट 213 मिटर) रहेको क्षेत्र मानिएको छ भने जिल्लाको पूर्वी सीमानामा पर्ने दुर्गम पहाडी बंगलाचुलीको हाँसीपुरको अर्खले अधिकतम उच्च विन्दु (समुन्द्र सतह 2058 मिटर) रहेको मानिएको छ । जिल्लाको औसत लम्बाई (पूर्व-पश्चिम ९० कि.मि.) र औसत चौडाई (उत्तर-दक्षिण ७२ कि.मि.) रहेको छ ।


नेपालको मानचित्रमा दाङ भारतसँग जोडिएता पनि यहाँ अन्य तराईको दाँजोमा गर्मीको महशुस कम हुन्छ । जिल्लाको दक्षिणमा पर्ने देउखुरी तथा सो भन्दा दक्षिणी क्षेत्रमा उष्ण प्रकारको जलवायु छ भने उत्तरी क्षेत्रमा उपोष्ण प्रकारको जलवायु, उत्तरी पहाडी क्षेत्रको शितोष्ण प्रकारको जलवायु रहेको छ । यहाँको वायुमण्डलको सापेक्षिक आद्रता कम भएका कारण हावा सुख्खा महसुस हुन्छ । जिल्लाको कुल क्षेत्रफलको करिव २/३ क्षेत्रफल (१९२९.५५ बर्ग कि.मि.) वन जंगलले ढाकेको छ भने कृषि क्षेत्र ६९९.५ बर्ग कि.मि., अनुत्पादित क्षेत्र २०४.४५ बर्ग कि.मि. र चरीचरण क्षेत्र १२९.५ बर्ग कि.मि. रहेको छ ।यहाँ कोइला र चुनढुङ्गाको साथै तामा, मट्टीतेल लगायतका खनिज पदार्थको प्रचुर सम्भावना रहेको मानिन्छ । जिल्लाको महाभारत तथा दाङ उपत्यकामा चिम्ट्याइलो माटो, चुरे क्षेत्रमा बलौटे दुमट माटो र देउखुरी उपत्यकामा दुमट माटो पाइन्छ । यहाँका खोलानालाहरुमा प्रशस्त मात्रामा वालुवा, ढुङ्गा तथा यी दुबैको मिस्कट पाइन्छ । जिल्लामा थारु, क्षेत्री, ब्राह्मण, नेवार, मुसलमान, मगर र दलित समुदायको मिश्रित बसोबास रहेको र यो जिल्लाको जनसंख्या २०६८ को जनगणना अनुसार महिला २९३७४२ र पुरुष २६४११० गरी कुल जम्मा ५५७८५२ रहेको छ । यस जिल्लामा ४२३ सामुदायिक र २२३ संस्थागत सहित जम्मा ६४६ विद्यालयमा १४३४९५ जना विद्यार्थी अध्ययनरत छन् भने सरकारी शिक्षक २४६१ रहेको छ तथा १५-६० उमेर समूहकाको साक्षरता प्रतिशत ९६.८०% रहेको छ ।

# ३. संगठनात्मक दरबन्दी एवं संरचना

## १. जिल्ला प्रशासन कार्यालय दाङको दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | | १ |
| २ | स.प्र.जि.अ. | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | १ |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | ३ |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | १० |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | ३ |
| ७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्रशासन | ५ |
| ८ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | २ |
| ९ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | ७ |
| **जम्मा** | | | | | **३३** |


## २. जिल्ला प्रशासन कार्यालय दाङको संगठन संचरना



## ३. इलाका प्रशासन कार्यालय तुलसीपुर दाङको दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | ई.प्र.अ. | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | १ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | १ |
| ३ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | २ |
| ४ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ |
| ५ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | १ |
| ६ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्रशासन | २ |
| ७ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | १ |
| ८ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | ४ |
| जम्मा | | | | | १३ |


## ४. इलाका प्रशासन कार्यालय तुलसीपुर दाङको संगठन संरचना




## ५. इलाका प्रशासन कार्यालय लमही दाङको दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | १ |
| २ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | ३ |
| ३ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | १ |
| ४ | स.ले.पा. | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ |
| ५ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्रशासन | १ |
| ७ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | २ |
| जम्मा | | | | | ९ |

## ६. इलाका प्रशासन कार्यालय लमही दाङको संगठन संरचना




## ४. जिल्ला सुरक्षा समिति दाङको पदाधिकारी

| क्र.सं. | नाम,थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री गोविन्द प्रसाद रिजाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, दाङ | अध्यक्ष |
| २ | श्री सुमन थापा | गणपति | रिपुमर्दन गण | सदस्य |
| ३ | श्री जनक भट्टराई | प्र.उ. | जिल्ला प्रहरी कार्यालय दाङ | सदस्य |
| ४ | श्री नारायण श्रेष्ठ | स.प्र.उ. | सशस्त्र प्रहरी वल नेपाल, नं. २९ गण हे.क्वा. ज्वालामाई, दाङ | सदस्य |
| ५ | श्री टेकराज तिमिल्सेना | स.प्र.उ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय दाङ | सदस्य |
| ६ | श्री गञ्ज बहादुर एम.सी. | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, दाङ | सदस्य सचिव |

## ५. जिल्ला प्रशासन कार्यालय दाङको उद्देश्य

- जिल्लामा शान्ति सु-व्यवस्था कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने ।
- विकास निर्माण कार्यलाई स्थानीय समुदायको आवश्यकता अनुरुप सञ्चालन हुने, वातावरणको निर्माण गर्ने
- विपद् जोखिम न्यूनीकरण गर्ने ।
- गैर सरकारी क्षेत्रको व्यवस्थापन र अनुगमन गर्ने ।
- समाजको असहाय एवं उत्पीडनमा परेका वर्गको संरक्षण गर्ने ।
- मानव अधिकारको संरक्षण गर्ने ।
- लागू औषध एवं मदिरा नियन्त्रण गर्ने ।
- बजारमा सहज आपूर्ति एवं उचित मूल्यमा गुणस्तरीय वस्तुको उपलब्धताको सुनिश्चतता गर्ने ।
- सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्ने गराउने ।
- न्यायिक निर्णयमा कानून र कार्यविधि पालना एवं प्रभावकारी कार्यान्वयन गरी दण्डहिनताको अन्त्य गर्ने ।

## ६. जिल्ला प्रशासन कार्यालय दाङले गर्ने मुख्य कार्यहरु

### १. शान्ति सुरक्षाको व्यवस्थापन

- जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने,
- जिल्ला प्रहरी कार्यालय र मातहत ईकाइहरुको निरीक्षण अनुगमन गर्ने,
- गैर कानूनी आपराधिक तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने,
- सबै सुरक्षा निकाय बीच प्रभावकारी समन्वय गर्ने,
- समाजमा अशान्ति, विभिन्न किसिमका हिंसा तथा अपराध, सो को प्रभाव तथा न्यूनीकरण सम्बन्धी विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- केन्द्रीय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने,
- स्थानीय तहसँग समन्वय गरी जिल्ला सुरक्षा योजना तर्जुमा गर्ने,
- दण्डहिनताको अन्त्य गर्ने,
- सार्वजनिक यातायातमा अवरोध हुन निदने,
- कारागार सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने,
- सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने,
- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने ।

### २. नागरिकता तथा राहदानी सम्बन्धी कार्य

- वंशज तथा वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्ने,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्ने,
- नागरिकतासम्बन्धी अभिलेख प्रमाणित तथा सिफारिस गर्ने,
- नाबालक परिचयपत्र प्रदान गर्ने,
- राहदानी फारम संकलन तथा राहदानी वितरण गर्ने
- द्रुत सेवा मार्फत राहदानीको लागि राहदानी विभागमा सिफारिस गर्ने ।

### ३. स्थानीय प्रशासन सम्बन्धी कार्य

- संघ/संस्था दर्ता नवीकरण, विधान संशोधन र शाखा खोल्ने स्वीकृति तथा नियमन सम्बन्धी कार्य,
- पारिवारिक पेन्सन एवं रहलपहल सम्बन्धी सिफारिस गर्ने,
- पारिवारिक विवरण प्रमाणित गर्ने,
- हातहतियार ईजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने,

- विष्फोटक पदार्थ सम्बन्धी कार्य गर्ने,
- दलित, मधेशी, मुस्लिम तथा आदिवासी जानजाती सम्बन्धमा सफारिस तथा प्रमाणित गर्ने,
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने,
- नामथर, उमेर आदि प्रमाणित गर्ने,
- जग्गा प्राप्ती तथा मुआब्जा निर्धारण सम्बन्धी कार्य गर्ने ।

## ४. न्याय निरुपण/न्यायिक कार्य

- प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने,
- कानूनले तोकेको सीमाभित्र मुद्दाको कारवाही तथा फैसला गर्ने,
- असहाय एवं गरिबहरुलाई नि:शुल्क कानूनी सहायताको व्यस्थापन गर्ने/गराउने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एवं निर्देशन अनुरुप भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आवश्यक कार्य गर्ने,
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

## ५. विपद व्यवस्थापन

- विपद् व्यवस्थापन र सेवा प्रवाहसँग सम्बन्धित देहायका कार्ययोजना निर्माण गरी सचेतनामूलक कार्यक्रम सहित कार्यान्वयन गर्ने:
    - विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने
    - मनसुन विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने
    - आगलागी जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने
- स्थानीय विपद् व्यवस्थापन समितिको गठन,
- मौसम सम्बन्धी जानकारी कार्यालयको मोबाइल एप एवं वेभसाईटमार्फत सूचना प्रदान गर्ने,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एवं परिमार्जन गर्ने,
- विपद् जोखिम न्यूनीकरण र पूर्व सूचना प्रणालीको विकास गर्ने,
- जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने/गराउने,
- विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुर्नलाभ कार्यलाई प्रभावकारी बनाउने,
- खोज उद्धार र राहतको लागि स्वयं सेवक समूह गठन गर्ने,

- जिल्लामा विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरुको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापत गर्ने एवं भूमिका स्पष्ट गर्ने,
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने,
- विपद व्यवस्थापन सम्बन्धमा नेपाल सरकरा तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यक कार्य गर्ने ।

## ६. लागु औषध तथा मदिरा नियन्त्रण

- लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने
- अवैध रुपमा उत्पादित मदिरा नष्ट गर्ने गराउने,
- लागू औषध विक्री वितरण, ओसारपसार र दुरुपयोग नियन्त्रण गर्ने,
- नागरिक समाजसँग सचेतनामूलक सहकार्य बढाउने,
- लागू पदार्थको दुष्परिणाम सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, स्थानीय तह र सञ्चार माध्यमसँगको साझेदारीमा सचेतनामूलक अभियान सञ्चालन गर्ने,
- सुरक्षा निकायहरुलाई लागू औषध नियन्त्रणमा सक्रिय गर्ने,
- सचेतना समूह, जनचेतना समूह एवं सामाजिक संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रमहरु गर्ने,
- लागू औषधको स्रोत पहिचान तथा नष्ट गर्ने ।

## ७. कारागार प्रशासन

- कारागारको निरीक्षण सुपरीवेक्षण गर्ने,
- सुरक्षा व्यवस्था मजबुत बनाउने,
- अपाङ्ग-असहायमैत्री एवं बालमैत्री भवनको व्यवस्था गर्ने,
- बन्दीहरुको क्षमता विकास तथा सीप अभिवृद्धि कार्यमा समन्वय र सहयोग गर्ने,
- सामाजिक सद्भाव, सहयोग र सकारात्मक भावना विकास गर्न सघाउ पुग्ने कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न सीपमूलक तालिम सञ्चालन गरी जिविकोपार्जन गर्न सक्षमता प्रदान गर्ने ।

## ८. सीमा प्रशासन

- अन्तराष्ट्रिय सीमा स्तम्भ हेरचाह, अनुगमन र सम्भार सम्बन्धी कार्य गर्ने,
- सीमा सुरक्षासँग सम्बन्धित कार्यालयहरुलाई क्रियाशील बनाउने,
- सीमासँग जोडिएका स्थानीय तहहरुसँग समन्वयात्मक रुपमा सीमा निगरानी बढाउने,
- अवैध चोरी निकासी पैठारी नियन्त्रण गर्ने,
- विदेशी नागरिक उपर रेखदेख, नियन्त्रण र सहयोग गर्ने ।

## ९. अन्य कार्यहरु

- जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी, जनजाति, दलित र फरक क्षमता भएका व्यक्तिहरुको हित संरक्षणमा कटिबद्ध रहने,
- गैर सरकारी संस्थाहरुलाई सामाजिक विकासका क्षेत्रमा क्रियाशील हुन उत्प्रेरित गर्ने,
- जेष्ठ नागरिक, अपाङ्ग, महिला, बालबालिका र ग्रामीण एवं दुर्गम क्षेत्रका तथा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने सेवाग्राहीलाई प्रथामिकता दिने,
- विद्युतीय नागरिक वडापत्रको प्रभावकारी कार्यान्वियन गर्ने,
- सूचनाको हक सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने,
- सार्वजनिक सुनुवाई शिविर सञ्चालन गर्ने,
- उद्योग वाणिज्य संघ, उपभोक्ता मञ्च लगायत अन्य निजी क्षेत्रसँग समन्वय, सहयोग र सहकार्य गर्ने,
- कालोबजारी, नाफाखोरी र सिण्डिकेट जस्ता कार्यलाई नियन्त्रण गर्ने, स्वच्छ र प्रतिस्पर्धात्मक बजारको विकास गर्ने,
- नेपाल सरकार गृह मन्त्रलाय एवं आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णय एवं निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

# ७. जिल्ला प्रशासन कार्यालयबाट आ.व. २०७६।०७७ (२०७६ श्रावण १ देखि २०७६ पौष मसान्तसम्मको) सम्पादन गरेको कामको शाखागत प्रगति विवरण

## १. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | कार्यको विवरण | जम्मा |
|---|---|---|
| १ | संस्था दर्ता | ३५ |
| २ | संस्था नविकरण | २२१ |
| ३ | ठाडो उजुरी | १६४ |

| | | |
|---|---|---|
| ४ | जनजाति सिफारिस | १६२ |
| ५ | पेन्सन सिफारिस | ७६ |
| ६ | विविध सिफारिस | १३४ |
| ७ | पत्रपत्रिका दर्ता | १४ |
| ८ | हातहतियार नामसारी | २ |
| ९ | हातहतियार नविकरण | १० |

## २. राहदानी तथा जिन्सी दर्ता शाखा (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | कार्यको विवरण | पुरुष | महिला | नाबालक | जम्मा |
|---|---|---|---|---|---|
| १ | साधारण सिफारिस | ११६६ | ५३७ | १४ | १७१७ |
| २ | द्रुत सिफारिस | ४०३ | २५२ | ५ | ६६० |
| ३ | हराएको/विग्रिएको | - | - | - | ८३ |
| ४ | निवेदन दस्तुर | | ८,९७२,५००।०० | | |

## ३. नागरिकता तथा प्रतिलिपि शाखा (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | कार्यको विवरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | वंशजको आधारमा नयाँ नागरिकता वितरण | ७४६२ | |
| २ | वैवाहिक अंगिकृत नागरिकता वितरण | २२ | |
| ३ | प्रतिलिपि नागरिकता वितरण | ३९६२ | |

## ४. मुद्दा तथा हातहतियार शाखा (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | विवरण | यस वर्ष दर्ता भएको मुद्दा | गत वर्षको बाँकी मुद्दा | यस वर्ष फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी रहेको मुद्दा |
|---|---|---|---|---|---|
| १ | केही सार्वजनिक अपराध | - | १७० | ९५ | ७५ |
| २ | सार्वजनिक शान्ति विरुद्ध | ४७ | ६ | ४० | १३ |
| ३ | सार्वजनिक नैतिकता विरुद्ध | ४० | ११ | ४३ | ८ |
| ४ | न्यून गुणस्तर खाद्य वस्तु उत्पादन तथा विक्री वितरण | - | २ | २ | - |
| ५ | सवारी ज्यान क्षतिपूर्ति | ४१ | ३५ | २४ | ५२ |
| | **जम्मा** | **१२८** | **२२४** | **२०४** | **१४८** |

## ५. आर्थिक प्रशासन शाखा

### २०७६ पौष मसान्तसम्मको खर्चको फाँटवारी

म.ले.प.फा.न. १३

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय घोराही दाङ**

आ.व २०७६/०७७ पौष महिना

ब.शि.न. ३१४९२०११३ चालु खर्च

| पौष महिनाको खर्च | गत महिना सम्मको निकासा | बजेट रकम नं | बजेट शीर्षक | बार्षिक वजेट | यस महिना सम्मको खर्च | वजेट वाकी |
|---|---|---|---|---|---|---|
| ९०७०९३.६० | ५३५३७२४.८० | २११११ | पारीश्रमिक कर्मचारी | १०७२१०००.०० | ६२६०८१८.४० | ४४६०१८१.६० |
| ०.०० | ०.०० | २११२१ | पोशाक | २६००००.०० | ०.०० | २६००००.०० |
| ५००००.०० | २५००००.०० | २११३२ | महंगी भत्ता | ६२४०००.०० | ३०००००.०० | ३२४०००.०० |
| २०००.०० | ०.०० | २११३९ | अन्य भत्ताँ | ६००००.०० | २०००.०० | ५८०००.०० |
| ०.०० | ०.०० | २१२१३ | योगदानमा आधारित बिमा कोष | १२५०००.०० | ०.०० | १२५०००.०० |
| ९१८४.०० | १०४९८०.०० | २२१११ | पानी विजुली | ३०४०००.०० | ११४१६४.०० | १८९८३६.०० |
| १८०००.०० | ८९०००.०० | २२११२ | संचार महशुल | २६१०००.०० | १०७०००.०० | १५४०००.०० |
| ०.०० | ९९०००.०० | २११३४ | कर्मचारी बैक भत्ता | १०००००.०० | ९९०००.०० | १०००.०० |
| ४४२६.०० | ३६०३९४.०० | २२२१२ | इनधन कार्यालय प्रयोजन | ७०२०००.०० | ३६४८२०.०० | ३३७१८०.०० |
| ६२४१४.०० | ३०८२७४.०० | २२२१३ | सवारी साधन मर्मत | ६६००००.०० | ३७०६८८.०० | २८९३१२.०० |
| ०.०० | ०.०० | २२२१४ | विमा तथा नविकरण | ५५०००.०० | ०.०० | ५५०००.०० |
| १२१५०.०० | ३९०७५.०० | २२२२१ | मेशीनरी तथा औजार मर्मत तथा सञ्चालन | १२००००.०० | ५१२२५.०० | ६८७७५.०० |
| ७९४०३.०० | ४८८५.०० | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार | १३५०००.०० | ८४२८८.०० | ५०७१२.०० |
| १५७१४०.०० | २१५८४८.०० | २२३११ | मसलन्ध खर्च | ६७००००.०० | ३७२९८८.०० | २९७०१२.०० |
| १२१४७०.०० | ७३४७६०.०० | २२४१९ | अन्य सेवा शुल्क | १६२१०००.०० | ८५६२३०.०० | ७६४७७०.०० |
| ०.०० | ०.०० | २२५११ | कर्मचारी तालिम खर्च | ५५०००.०० | ०.०० | ५५०००.०० |
| ५०००.०० | ०.०० | २२५२९ | विविध कार्यक्रम खर्च | २७६०००.०० | ५०००.०० | २७१०००.०० |
| ४५०००.०० | ३३६९३०.०० | २२६११ | अनुगमण मूल्यांकन | ७५००००.०० | ३८१९३०.०० | ३६८०७०.०० |
| ०.०० | १७२००.०० | २२६१२ | भ्रमण | २१००००.०० | १७२००.०० | १९२८००.०० |
| १११६००.०० | १००००.०० | २२७११ | विविध | ३६००००.०० | १२१६००.०० | २३८४००.०० |
| ७४४०००.०० | २२०००.०० | २७१११ | सामाजिक सुरक्षा भत्ता | ३१५५०००.०० | ७६६०००.०० | २३८९०००.०० |
| | | | | | | |
| २३२८८८०.६० | ७९४६०७०.८० | | जम्मा | २१२२४०००.०० | १०२७४९५१.४० | १०९४९०४८.६० |
| | | | अर्थ बजेट तर्फ | | | |
| | | | | | ०.०० | |
| ०.०० | ०.०० | | अर्थ बजेट जम्मा | ०.०० | ०.०० | ०.०० |
| २३२८८८०.६० | ७९४६०७०.८० | | कुल जम्मा | २१२२४०००.०० | १०२७४९५१.४० | १०९४९०४८.६० |

बैकको नाम र ठैगाना :–ने.बै लि. दाङ

बैक खाता न को.ले.नि.का एकल खाता चालु

जम्मा निकासा १०२७४९५१.४०

जम्मा खर्च १०२७४९५१.४०

पेश्की ०

पेश्की कटाई वाकी खच १०२७४९५१.४० खर्च प्रतिशत ४८।४१

तयाृ गर्नेको सहि

दर्जा

स्वीकृत गर्नेको सहि

दर्जा

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय घोराही दाङ

## २०७६ साल पौष महिनाको विविध ख ६ तर्फको फांटबारी

| पौष महिनाको खर्च | पौष महिना सम्मको निकासा | विवरण | गत महिना सम्मको अम्दानी | यस महिनाको आम्दानी | जम्मा बजेट | पौष महिना सम्मको खर्च | बांकी बजेट |
|---|---|---|---|---|---|---|---|
| ०।०० | १२८९२९०।०० | दैवी प्रकोप | २९८८३८०५।५६ | ०।०० | २९८८३८०५।५६ | १२८९२९०।०० | २८५९४५१५।५६ |
| ०।०० | ०।०० | कोसी पिडित सहयोग रकम | ६७८६४।०० | ०।०० | ६७८६४।०० | ०।०० | ६७८६४।०० |
| ०।०० | ०।०० | हजयात्रीलाई रकम फिर्ता भुक्तानी | ३२२३७५० | ०।०० | ३२२३७५० | ०।०० | ३२२३७५० |
| ०।०० | ०।०० | अंगभंग अपांग राहत | १०००००।०० | ०।०० | १०००००।०० | ०।०० | १०००००।०० |
| ०।०० | ०।०० | संपत्ति क्षतिपूर्ति | २३०२०।०० | ०।०० | २३०२०।०० | ०।०० | २३०२०।०० |
| ०।०० | ०।०० | वेपत्ता परिवारको राहत | १०००००।०० | ०।०० | १०००००।०० | ०।०० | १०००००।०० |
| ०।०० | ५५५००००।०० | सवारी ज्यान क्षतिपूर्ति | २४५००००।०० | ४२०००००।०० | ६६५००००।०० | ५५५००००।०० | ११०००००।०० |
| ०।०० | ०।०० | जनआन्दोलनका घाईतेको राहत | १००००।०० | ०।०० | १००००।०० | ०।०० | १००००।०० |
| ९०३५६७।०० | २३५२८१२७।०० | विदेशमा मृत्यु भएकाहरुको राहत | २३१४७७५५।२२ | ११३७९१९।०० | २४२८५६७४।२२ | २३५२८१२७।०० | ७५७५४७।२२ |
| ०।०० | ०।०० | नेपाल विद्युत प्राधिकरण जग्गा मुआब्जा लमही | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ०।०० | ०।०० | शहिद मार्ग सडक योजना मार्ग जग्गा मुआब्जा | १०५७९९।८८ | ०।०० | १०५७९९।८८ | ०।०० | १०५७९९।८८ |
| ०।०० | ०।०० | निजामति सेवा दिवस | १००००।०० | ०।०० | १००००।०० | ०।०० | १००००।०० |
| ०।०० | ०।०० | संविधान अनुशिक्षण कार्यक्रम | २०००००।०० | ०।०० | २०००००।०० | ०।०० | २०००००।०० |
| ०।०० | ०।०० | कमलरी मुक्त आन्दोलनमा घाईते राहत | २२९७।०० | ०।०० | २२९७।०० | ०।०० | २२९७।०० |
| ०।०० | २९६८२७४६।०० | लमही कोईलाबास सडक खण्डको मुआब्जा | २९७२९०४४।०० | ०।०० | २९७२९०४४।०० | २९६८२७४६।०० | ४६२९८।०० |
| ०।०० | ०।०० | भुकम्प सुरक्षा दिवस | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ०।०० | ०।०० | आर्थिक सहायता मुस्ताङ्ग दुर्घटना | ३००००।०० | ०।०० | ३००००।०० | ०।०० | ३००००।०० |
| ९०३५६७।०० | ६००५०१६३।०० | जम्मा: | ८५८७१८२३।१६ | ५३३७९१९।०० | ९१२०९७४२।१६ | ६००५०१६३।०० | ३११५९५७९।१६ |

**स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा/राहदानी तथा जिन्सी शाखा/मुद्दा तथा हातहतियार शाखाः**

**राजश्व विवरण**

| क्र.सं. | कार्यको विवरण | जम्मा राजश्व ०७६ पौष मसान्तसम्म | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक सेवा शुल्क | ६,०००।०० | |
| २ | हातहतियार इजाजतपत्र दस्तुर | १५,७००।०० | |
| ३ | राहदानी शुल्क | ८,९७२,५००।०० | |
| ४ | न्यायिक दण्ड जरिवाना र जफत | २,५२६,८२७।०० | |
| ५ | कम्पनी रजिष्ट्रेशन दस्तुर | २५९,३५०।०० | |
| ६ | बेरुजु | ३७,६१३।०० | |
| | जम्मा | ११,८१७,९९०।०० | |

**धरौटी विवरण**

| क्र.सं. | कार्यको विवरण | जम्मा धरौटी ०७६ पौष मसान्तसम्म | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको अल्या | १२,४९३,८७४।०० | |
| २ | चालु वर्ष जम्मा भएको | १५१४५६।०० | |
| ३ | जम्मा | १२४००३९८।५५ | |
| ४ | सदर स्याहा | ३५०००।०० | |
| ५ | फिर्ता | २२९८०।०० | |
| ६ | बाँकी जम्मा | १२३४२४१८।५५ | |

**विपद व्यपस्थापन (०७६ श्रावणदेखि ०७६ षौप मसान्तसम्म) प्रगित विवरण**

| क्र.सं. | घटनाको विवण | प्रभावित परिवार संख्या | मृतकको संख्या | वितरित राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आगलागी | २६ | | १५,०००।- | |
| २ | करेन्त | ४ | २ | | |
| ३ | पानीमा डुबी | १४ | १६ | | |
| ४ | भारी वर्षा | ९ | १० | १,२०,०००।- | |
| ५ | सर्प दंश | ७ | ७ | | |
| ६ | रुखबाट लडी | १ | १ | | |
| ७ | हावाहुरी | १ | | १०००००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | खहरे खोला | १ | १ | १,१०,०००।- | |
| ९ | चट्याङ | ४ | ३ | ३,००,०००।- | |
| १० | पानीले बगएर | ४ | ३ | | |

## ६. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको | ६ पटक | |
| २ | अनुगमन गरिएको पसल संख्या | ३१ वटा | |
| ३ | अनुगमन समितिको बैठक | ३ पटक | |
| ४ | अनुगमन गरिएको स्थान/बजार क्षेत्र | घोराही बजार क्षेत्र | |
| ५ | उपभोक्ता हित कार्यक्रम | १ पटक | |

## ७. विभिन्न बैठकहरु (आ.व. ०७६।०७७ पौष मसान्तसम्म)

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रमुखको बैठक | ६ पटक | |
| २ | सूचना अधिकारीको बैठक | ३ पटक | |
| ३ | सुरक्षा समितिको बैठक | ६ पटक | |
| ४ | जग्गा सम्बन्धी बैठक | ३ पटक | |
| ५ | घर भाडा समितिको बैठक | ४ पटक | |
| ६ | दररेट निर्धारण समितिको बैठक | १ पटक | |
| ७ | विपद व्यवस्थापनको बैठक | ३ पटक | |
| ८ | कर्मचारीको बैठक | २७ पटक | |

## ८. पुराना नागरिकताहरुको डाटा इन्ट्री सम्पन्न

- पुराना नागरिकताहरुको डाटा इन्ट्री कुनै पनि बाँकी नरहेको साथै बाँकी रहेका पुराना नागरिकताहरुको डाटा इन्ट्री आ.व. २०७४।०७५ मा सम्पन्न भईसकेको ।

# ८. जिल्ला प्रशासन कार्यालयबाट सुशासन र सेवा प्रवाहमा थप प्रभावकारिताका लागि गरिएका प्रयासहरु

- जेष्ठ नागरिक, असहाय तथा फरक क्षमता भएका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने गरिएको,

- कार्यालयमा सेवाग्राहीको लागि नागरिक सहायता कक्ष स्थापना गरी कार्यालयसँग सम्बन्धित निवेदन नि:शुल्क उपलब्ध गराउने एवं प्राथिमक उपचारको समेत व्यवस्था गरिएको,
- कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय सहितको बगैचा निर्माण गरिएको,
- डिजिटल नागरिक बडापत्र सञ्चालनमा ल्याएको,
- सुशासन र सुरक्षाका लागि CCTV Camera सञ्चालनमा ल्याएको,
- E-Attendance सञ्चालमा रहेको,
- जिल्ला प्रशासन कार्यालयको सूचना प्रवाहको लागि Facebook Page, Email Account सञ्चालनमा रहेको,
- कार्यालय परिसरमा सेवाग्राहीको निमित्त स्वच्छ पिउने पानीको व्यवस्था मिलाएको,
- जिल्ला प्रशासन कार्यालयको Website, DAAS नियमित रुपमा अध्यावधिक गरी मासिक प्रगति विवरण, विपद् व्यवस्थापन, कार्यालय प्रमुख र सूचना अधिकारिको बैठकबाट भएका निर्णयहरु राख्ने गरिएको,
- सूचनाको हक सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम कार्यालयसँग सम्बन्धित विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने गरिएको,
- सूचनाको हक सम्बन्धी कानूनको मुख्य मुख्य अंश कार्यालयको अग्रभागमा फ्लेक्स बोर्ड राखिएको,
- नागरिक/सेवाग्राहीहरुको सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने अधिकारलाई स्थापित गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालयको अनुरोध टाँस गरिएको,
- वैदेशिक रोजगारीमा जाने सेवाग्राहीका लागि जानुपूर्व, गएपछि विभिन्न प्रक्रिया तथा सम्बन्धित विषयमा राहदानी शाखाबाट परामर्श साथै सूचनामूलक जानकारी दिने गिरएको,(सुरक्षात आप्रवासन
- तयार भई आएको राहदानीको SMS बाट सेवाग्राहीलाई जानकारी दिने गिरएको,
- SMS र E-Mail System द्वारा पत्राचार गर्ने गरिएको,
- नागरिकता अभिलेख व्यवस्थापन कक्ष निर्माण गरिएको,
- दैनिक प्रतिवेदन प्रणाली DRS निरन्तर प्रयोग गरिएको,
- पुराना नागरिकताको डाटा ईन्ट्री कार्य सम्पन्न गरिएको,
- सेवा ग्राहीबाट प्राप्त गुनासोहरुको तत्कालै सम्बोधन गरिएको,

## ९. आ.व. २०७६।०७७ मा जिल्ला प्रशासन कार्यालयबाट सम्पादित क्रियाकलापहरु

### ९.१ अन्तर जिल्ला समन्वय समितिको बैठक

- यस जिल्लाको सीमाना किपलवस्तु, अर्घाखाँची, प्यूठान, रोल्पा, सल्यान र बाके जिल्लासँग जोडिएको छ । शान्ति सुरक्षा र अपराध नियन्त्रण र सरकारको नीति प्रति असहज राख्ने पक्षको गतिविधिबारे

जानकारी गराउने उद्देश्यले समय समयमा अन्तर जिल्ला समन्वय बैठक हुने गरेको छ। यो छ महिना (श्रावण-पौषसम्म) को अवधिमा निम्न जिल्लामा सुरक्षा अधिकारीहरुबीच समन्वय बैठक भएको छ।

## ९.२ विपद व्यवस्थापन

- यस कार्यालयबाट सम्पादन गरिने विभिन्न कार्यक्रममा विपद व्यवस्थापन पनि महत्वपूर्ण कार्य हो। समय समयमा हुने बाढी, डुबान, हावाहुरी, आगलागी, पहिरो, शितलहर जस्ता विपदबाट हुने जोखिमलाई न्यूनीकरण गरी जनतालाई राहत उपलब्ध गराउनको लागि विपदको क्षेत्रमा कार्य गर्ने संयुक्त राष्ट्र संघीय ऐजेन्सी तथा नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी खोज उद्धार र राहत कार्यलाई प्रभावकारी रुपमा सम्पादन गरी आएको छ।

## ९.३ सुरक्षा निकाय तथा मातहत ईकाइहरुको अनुगमन तथा निरीक्षण

- जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्नको लागि यस जिल्लामा जिल्ला प्रहरी कार्यालय दाङ, जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङ, ट्राफिक प्रहरी तुलसीपुर, सशस्त्र प्रहरी बल नेपालको नं.२९ गण हे.क्वा. ज्वालामाई भालुवाङ, नेपाली सेनाको रिपुमर्दन गण र मातहतका इकाईहरु कार्यरत रहेका छन्। जिल्ला प्रहरी कार्यालय मातहत ४ वटा मुद्धा चल्ने प्रहरी ईकाईहरु (गढवा, भालुवाङ, लमही, तुलसीपुर) रहेका छन् र ११ वटा इलाका प्रहरी कार्यालयहरु, २ वटा वडा प्रहरी कार्यालयहरु, ३ वटा सीमा प्रहरी चौकी, १८ वटा प्रहरी चौकीहरु, २० वटा अस्थाई प्रहरी पोष्टहरु रहेका छन्। ती सबै सुरक्षा निकायहरुसँग काम कारवाही, कार्यालय भवन सुरक्षा अवस्थाको बारेमा प्रमुख जिल्ला अधिकारीले अनुगमन र निरीक्षण गर्नुपर्दछ यो अवधिमा ९ वटा सुरक्षा निकाय तथा माहतका ईकाहरुको अनुगमन गरी आवश्यक निर्देशन तथा सुझाव दिइएको छ।

## ९.४ सीमा अनुगमन तथा निरीक्षण

- यो जिल्ला भारतीय सीमासँग जोडिएको जिल्ला हो। सीमा र सीमा नाकाबाट हुने चोरी निकासी, राजस्व चुहावट तथा चोरी निकासी जस्ता कार्यलाई नियन्त्रण र नियमन गर्ने सशस्त्र प्रहरी बलको नं. २९ गण हे.क्वा. भालुवाङमा अवस्थित छ। त्यहाँ सशस्त्र प्रहरी बलका सीमा सुरक्षा पोष्टहरु छन्। ती निकायले के कसरी कार्य गरेका छन् र कस्तो अवस्थामा बसेका छन् र सीमा स्तम्भहरुको अवस्थाको विषयमा प्रमुख जिल्ला अधिकारीबाट नियमित अनुगमन गर्ने गरिएको छ। यस अवधिमा ७ पटक अनुगमन निरीक्षण गरिएको छ।

## ९.५ लागू औषध तथा मदिरा नियन्त्रण

- सामाजिक रुपान्तरणका लागि लागू औषध तथा मदिरा प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वस्थ्य, नैतिकवान बनाउने अभियानको रुपमा कार्यक्रमहरु जिल्ला प्रहरी कार्यालयलय दाङले लागू औषध विरुद्ध सचेतना अभियान विभिन्न समुदाय-प्रहरी साझेदारी कार्यक्रमको माध्यमबाट विद्यालयहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ।

## ९.६ विद्युतीय नागरिक वडापत्र

- कार्यालयमा जनताले सुशासनको प्रत्यक्ष अनुभूत गर्न सक्ने गरी सेवा प्रवाहलाई अझ बढी सहज, सरल, छिटो छरितो र सेवाग्राहीमैत्री बनाउन, कार्यसम्पादन गर्दा प्रक्रियागत उल्झनमा नअल्झी सेवाग्राहीलाई सहजीकरण गर्न, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई बढाउन डिजिटल नागरिक वडापत्रको सञ्चालनका लागि तयारी गरिएको।

## ९.७ कार्यालय परिसरमा बगैचा निर्माण

- कार्यालय परिसरमा नियमित सरसफाई तथा बगैंचा निर्माण गरी कार्यालय हातालाई हरियाली बनाउने एवं विभिन्न प्रजातिका फूलहरु एवं दुवो रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिएको।

## ९.८ नागरिक सहायता कक्ष (Help Desk) स्थापना

- नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरी जेष्ठ नागरिक, फरक क्षमता भएका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने र कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाको लागि नि:शुल्क निवेदन कार्यालयबाटै उपलब्ध गराउने व्यवस्था गरिएको।

## ९.९ विपद अभ्यास कार्यक्रम

- यस आ.व.मा नेपाली सेना रिपुमर्दन गणबाट विपद व्यवस्थापन सम्बन्धमा सर्वसाधारण नागरिकलाई सचेतना गराउने उद्देश्यले (Demo) घटना अभ्यास गरेको।
- यस आ.व.मा नेपाली सेना रिपुमर्दन गणबाट विपद व्यवस्थापन सम्बन्धमा सर्वसाधारण नागरिकलाई सचेत गराउने उद्देश्यले कृत्रिम घटना अभ्यास गरेको।

## ९.१० कारागार सुधारमा सहयोग तथा समन्वय

- कारागार कार्यालय घोराही/तुलसीपुरको सुधारका लागि पर्खाल निर्माण, सेफ्टी ट्याङ्की निर्माण गरिनुको साथै कैदि बन्दीहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरु प्रदान गरिएको छ। नैतिक शिक्षाका संचरनामूलक कार्यक्रमहरु एवं विभिन्न शैक्षिक कार्यहरु सञ्चालन गरिएको छ । उक्त कारागारको नियमित निरीक्षण अनुगमन गरी समग्र सुधारको लागि आवश्यक राय सुझाव दिईदै आएको छ।

## १०. जिल्ला प्रशासन कार्यालयमा पेश गरिने विभिन्न निवेदनको नमूना/ढाँचा

- जिल्ला प्रशासन कार्यालय दाङले विभिन्न निवेदनको फारामहरु सेवाग्राहीलाई निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

रु १०।- को
टिकट

मितिः २०७ / /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय**
**घोराही, दाङ ।**

**विषयः अभिलेख झिकाइ MRP (राहदानी)/नागरिकता बनाइ पाऊँ ।**

महोदय,

हाल दाङ जिल्ला .................................. उप/महानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. .......... बस्ने म ....................................................... लाई MRP आवश्यक परेकोले .......................... प्रशासन कार्यालय ............................ बाट जारी भएको नेपाली नागरिकताको प्रमाण पत्र नं. .......................... जारी मिति .................................... को अभिलेख झिकाई MRP (राहदानी)/नागरिकता बनाई पाऊँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक
नाम थर : .......................................
ठेगाना : .......................................
सहिछाप :.......................................

**आवश्यक संलग्न कागजातहरुः**
१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२ बसाई सराई दर्ता प्रमाणपत्रको प्रतिलिपि
३
४

मिति: २०७   /   /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ ।**

**विषय: चालचलन प्रमाणित गरी पाउँ ।**

प्रस्तुत विषयमा, जिल्ला दाङ ...................................उप-म.न.पा./न.पा./गा.पा. वडा नं. .....बस्ने .................................को नाति/नातिनी ........................................को छोरा/ छोरी म ........................................ हाल सम्म फौजदारी अभियोगमा कुनै सजाय नपाएको, दामासाहीमा नपरेको र गाउँ समाजमा रहदा बस्दा चालचलन सन्तोषजनक रहेको व्यहोरा अनुरोध गर्दै मलाई .................................... प्रयोजनका लागि चालचलन प्रमाणपत्र आवश्यक परेकोले मेरो चालचलन प्रमाणित गरिदिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजातहरु:**

१) नागरिकताको प्रतिलिपी
२) स्थानीयतहको सिफारिस

**निवेदक**
**नाम थर :**
**ठेगाना :**
**हस्ताक्षर :**

मितिः २०७   /   /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ ।**

**विषयः दलित/जनजाति/मधेशी प्रमाणित गरिपाउँ ।**

प्रस्तुत विषयमा दाङ जिल्ला.................. उप-म.न.पा./न.पा./गा.पा. वडा नं........ बस्ने .................................... को नाती/नातिनी ..................................... को छोरा/छोरी म ..................................... बाट सूचिकृत ...................... जाती भित्रको पर्ने दलित/आदिवासी जनजाति/मधेशी भएको र मलाई विभिन्न कार्यको लागि दलित/आदिवासी/जनजाति र मधेशी भएको प्रमाणपत्र आवश्यक परेकोले दलित/आदिवासी/जनजाति र मधेशी प्रमाणित गरिदिनु हुन निवेदन गर्दछु ।

**संलग्न कागजातहरुः**
१) वडा सिफारिस ।
२) नागरिकता प्र.प.को प्रतिलिपी

**निवेदक**
नाम थर :
ठेगाना :
हस्ताक्षर :

मितिः २०७   /   /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ।**

**विषय : दोश्रो पतिको नामथर वतन कायम गरी नागरिकताको संशोधित प्रतिलिपी पाउँ।**

प्रस्तुत विषयमा, जिल्ला दाङ ................उप-म.न.पा./न.पा./गा.पा. वडा नं. .....बस्ने .................................. की श्रीमती म ....................... ले यस अघि मिति ................मा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालय ..................... बाट पहिलो पतिको तर्फबाट मिति ............. मा .................. नं. को नेपाली नागरिकता प्राप्त गरेकोमा मेरो दोश्रो विवाह जिल्ला दाङ ...................... उप-म.न.प./न.पा./गा.पा. वडा नं. .......बस्ने ....................................... सँग भएकोले मैले यस अघि प्राप्त गरेको नागरिकताको पतिको नामथर वतन परिवर्तन गरी दोश्रो पतिको नामथर र वतन कायम गरी नागरिकताको संशोधित प्रतिलिपी उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु।

**संलग्न कागजातहरु:**

१) वडा सिफारिस ।
२) प्रतिलिपी सिफारिस ।
३) विवाह दर्ता प्रमाणपत्रको प्रतितिपी ।
४) पतिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
५) यस अघि प्राप्त गरेको सक्कल नागरिकता ।
६) अदालतको फैसला र संम्वन्ध विच्छेद दर्ता प्रमाणपत्र/पहिलो पतिको धनमाल फिर्ता गरेको सर्जीमिन मुचुल्का

निवेदक
नाम थर :
ठेगाना :
हस्ताक्षर :

मितिः २०७   /   /

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, दाङ ।

विषयः नाबालक परिचयपत्र पाउँ ।

प्रस्तुत विषयमा, जिल्ला दाङ .................... उप-म.न.पा. / न.पा. / गा.पा. वडा नं. ......बस्ने म / मेरो ........................ को छोरा / छोरी / नाती / नातिनी / भाइ / बहिनी / भतिजो / भतिजी ........................... को जन्म मिति ................. भै नेपाली नागरिकता प्राप्त गर्ने उमेर नभएकोले निजलाई ....................... प्रयोजनको लागी नाबालक परिचयपत्र आवश्यक परेकोले नाबालक परिचयपत्र उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरुः
१) वडा सिफारिस ।
२) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३) बाबुआमाको नागरिकताको प्रतिलिपी ।
४) शैक्षिक प्रमाणपत्रको प्रतिलिपी ।

**निवेदक**
नाम थर :
ठेगाना :
हस्ताक्षर :

मितिः २०७  /  /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ।**

**विषयः फरक फरक नाम/जन्ममिति एउटै प्रमाणित गरिपाउँ।**

प्रस्तुत विषयमा दाङ जिल्ला.............................उप-म.न.पा./न.पा./गा.पा. वडा नं. .......... बस्ने ................................... को नाति/नातिनी....................................को छोरा/छारी म ...............................ले यस जिल्ला प्रशासन कार्यालय दाङबाट मिति ...................... मा प्राप्त गरेको ना.प्र.प.नं. ...................... मा मेरो/मेरो बुवाको नाम ............................/मेरो जन्ममिति ...................... कायम भएको र मैले ................... बाट प्राप्त गरेको ................ शैक्षिक योग्यताको प्रमाणपत्रमा मेरो/मेरो बुवाको नाम ............................र मेरो जन्ममिति ................ उल्लेख भई फरक परी विभिन्न कामकाजमा अप्ठेरो परेकोले नागरिकता प्रमाणपत्रमा उल्लेखित .......................... नाम/बाबुको नाम /जन्ममिति र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेखित ............................ नाम/मेरो बाबुको नाम/जन्ममिति ....................... भएको व्यक्ति फरक फरक नभई एउटै भएको व्यहोरा प्रमाणित गरिदिनु हुन निवेदन गर्दछु।

संलग्न कागजातहरुः
१) वडा सिफारिस
२) नागरिकता प्र.प.को प्रतिलिपी
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
४) वडा सर्जमिन मुचुल्का

**निवेदक**
**नाम थर :**
**ठेगाना :**
**हस्ताक्षर :**

मिति:२०७/ /

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, दाङ ।

**विषयः फरक फरक नामथर/जन्ममिति/वतन प्रमाणित गरीपाउँ ।**

प्रस्तुत विषयमा दाङ जिल्ला ......................उप-म.न.पा./न.पा./गा.पा. वडा नं......... बस्ने ...................................... को नाति/नातिनी .................................. को छोरा/छोरी म .................................. ले यस जिल्ला प्रशासन कार्यालय दाङबाट मिति .................. मा प्राप्त गरेको ना.प्र.प.नं. ........................... मा मेरो .......................... को नाम ..................................... कायम भएको र मेरो ..................... ले मिति ...................... मा यस जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको ना.प्र.प.नं. ................ मा ................... को नाम .................................. उल्लेखित भई फरक परी विभिन्न काममा अप्ठेरो परेकोले मेरो नागरिकता प्रमाणपत्रमा उल्लेखित .................... र मेरो .................. को ना.प्र.प. मा उल्लेखित .................................. नामको व्यक्ति फरक फरक नभई एउटै भएको व्यहोरा प्रमाणित गरिदिनु हुन निवेदन गर्दछु ।

**संलग्न कागजातहरुः**

१) वडा सिफारिस
२) विवरण फरक परेको नागरिकता प्र.प.को प्रतिलिपी
३) वडा सर्जमिन मुचुल्का
४) जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी
५) राहदानीको प्रतिलिपी
६) सवारीचालक अनुमति पत्रको प्रतिलिपी
७) निवृतिभरण पत्रको प्रतिलिपी
८) शैक्षिक प्रमाण पत्रको प्रतिलिपी

**निवेदक**
नाम थर :
ठेगाना :
हस्ताक्षर :

मिति: २०७   /   /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ।**

**विषय: पतिको नामथर वतन कायम गरी नागरिकताको संशोधित प्रतिलिपी पाउँ।**

प्रस्तुत विषयमा, जिल्ला दाङ ................. उप-म.न.पा./न.पा./गा.पा. वडा नं. ............बस्ने ................................ की श्रीमती म .................................. ले यस अघि मिति ............. मा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालय ................... बाट माईतीको तर्फबाट मिति .................. मा ..............नं. को नेपाली नागरिकता प्राप्त गरेकोमा मेरो विवाह जिल्ला दाङ .................... उप-म.न.पा./न.पा./गा.पा. वडा नं. .........बस्ने ....................................... संग भएकोले मैले यस अघि प्राप्त गरेको नागरिकताको पतिको नामथर वतन कायम गरी नागरिकताको संशोधित प्रतिलिपी उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु।

**संलग्न कागजातहरु:**

१) वडा सिफारिस।
२) प्रतिलिपी सिफारिस।
३) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४) पतिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
५) यस अघि प्राप्त गरेको सक्कल नागरिकता।

**निवेदक**
नाम थर :
ठेगाना :
हस्ताक्षर :

मिति:२०७/ /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ ।**

**विषय : रहल पहल पेन्सनका लागि सिफारिस पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा जिल्ला ........................... उ.म.न.पा. /न.पा. /गा.पा. ........वडा नं. ......... बस्ने भारतीय भु.पू. सैनिक नं. ..................................का मेरा पति / पिता ...................................................... ले भारतीय .................................. मा नोकरी गरी अवकास भई पेन्सन खाईपाई आएकोमा निजको मिति ..............................मा मृत्यु भएकोले उक्त पेन्सनको रहलपहल पेन्सन सुविधा पाउने हकदार म ...................................................... भएकोले मेरो नाममा उपलब्ध गराउन निम्न पारिवारिक विवरण खुलाई सिफारिस गरिदिनु हुन भनी रु. १०।/ को टिकट टाँसी यो निवेदन पेश गरेको/गरेकी छु।

**परिवारिक विवरण**

| सि.नं. | नाम थर | जन्ममिति | नाता | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |

**निवेदक**
हस्ताक्षर :
नाम थर :

मितिः२०७/ /

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, दाङ ।

**विषयः पेन्सनका लागि सिफारिस पाउँ।**

महोदय,

प्रस्तुत विषयमा जिल्ला ................................ उ.म.न.पा./न.पा./गा.पा. .......... वडा नं. ....... वस्ने भारतीय भु.पु सैनिक नं. .................................. का मेरा पति ................................................ ले भारतीय ...................................... मा नोकरी गरी अवकास भई पेन्सन खाइपाई आएकोमा निजको मिति ........................... मा मृत्यु भएको ............................... र निजको शेषपछिको हकदार एकमात्र/जेठी/माइली/कान्छी श्रीमती ......................................... भएकोले मेरो नाममा उक्त पेन्सन सुविधा उपलब्ध गराउन निम्न पारिवारिक विवरण खुलाई सिफारिस गरिदिनु हुन भनी रु १०/ को टिकट टाँसी यो निवेदन पेश गरेको/गरेकी छु।

**परिवारिक विवरण**

| सि.नं. | नाम थर | जन्ममिति | नाता | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |

**निवेदक**

हस्ताक्षर :

नाम थर :

मितिः २०७  /  /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ ।**

**विषयः राहदानी सिफारिस पाउँ ।**

प्रस्तुत विषयमा, जिल्ला दाङ ................................... उप-म.न.पा./न.पा./गा.पा. वडा नं. ......बस्ने ...................................को नाति/नातिनी .........................................को छोरा/ छोरी म ............................................ ले यस अघि मिति ...................... मा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालय ...................... बाट मिति .................. मा प्राप्त गरेको ................. नं. को राहदानी प्राप्त गरेकोमा उक्त राहदानी हराएको/भुत्रो भएकोले नयाँ राहदानी प्राप्तीका लागि राहदानी विभागमा सिफारिस गरीदिनु हुन निम्न आवश्यक कागजातहरु सहित निवेदन गर्दछु ।

**संलग्न कागजातहरुः**
**१) नागरिकताको प्रतिलिपी**

**निवेदक**
**नाम थर :**
**ठेगाना :**
**हस्ताक्षर :**

मिति:२०७/    /

**श्री प्रमुख जिल्ला अधिकारी ज्यू,**
**जिल्ला प्रशासन कार्यालय, दाङ ।**

**विषयः संस्था/हातहतियार/नविकरण सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा निम्न विवरण भएको संस्था/हातहतियाको नविकरण आवश्यक परेकोले रु १०।- को टिकट टाँसी निम्न कागजात सहित यो निवेदन पेश गरेको/गरेकी छु ।

**निम्न :**

१.

२.

३.

४.

५.

६.

**निवेदक**
हस्ताक्षर :
नाम थर :
ठेगाना :

"म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न ।
म देश र जनताका लागि
इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु ।"




## जिल्ला प्रशासन कार्यालय दाङ

**Website: www.daodang.moha.gov.np**

**Email: cdoofficedang@gmail.com, daodang@moha.gov.np**

**Facebook: जिल्ला प्रशासन कार्यालय दाङ**

**Phone: 082-560133, 082-560028**

**Fax; 082-560466**